मिति २०८२/१२/२६ गतेका दिन गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु :

प्रस्ताव नं. १:

अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २:

योजना अनुगमन तथा सुपरीवेक्षण समितिको अनुगमन प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ३:

प्रदेश समपुरक र विशेष अनुदान अन्तर्गत आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४:

दिर्घ रोगका विरामीहरुको तेस्रो त्रैमासिक औषधी उपचार खर्च भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं. ५:

LGPAS को नतिजा मन्त्रालयमा पेश गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ६:

अधिकृतस्तरको कर्मचारी नियुक्ति सम्बन्धमा ।

प्रस्ताव नं. ७:

पर्यटन प्रवर्द्धन कार्यक्रम सम्वन्धमा ।

प्रस्ताव नं. ८:

विविध सम्बन्धमा ।

(क) खेलकुद कार्यक्रमका लागि आर्थिक सहयोग सम्बन्धमा ।

Scanned with CamScanner

मिति २०८२/१२/२६ गतेको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :

निर्णय नं. १:

अघिल्लो गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरू केही कार्यान्वयन भएको र केही कार्यान्वयनको क्रममा रहेको हुँदा सोको प्रभावकारिता अभिवृद्धिका लागि सबैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नु पर्ने निचोड सहित अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २:

तमानखोला गाउँपालिकाको गाउँपालिकास्तरिय योजना अनुगमन तथा सुपरीवेक्षण समिति र वडास्तरिय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका अनुसूची १ बमोजिमका ८ वटा आयोजनाहरुको अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदनहरु बैठकमा प्रस्तुत तथा छलफल भई उक्त प्रतिवेदन स्वीकृत गरी अन्तिम भुक्तानीका लागि सिफारिस गर्ने तथा अन्तिम भुक्तानी भैसकेका आयोजनाको भुक्तानी अनुमोदन गर्ने ।

निर्णय नं. ३:

गण्डकी प्रदेश सरकारले आ.ब. २०८३/०८४ मा उपलब्ध गराउने समपुरक र विशेष अनुदान माग गर्नका लागि बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०८१ को अधिनमा रहि देहायका आयोजना तथा कार्यक्रमहरुको प्रस्ताव पेश गर्ने ।

(क) समपुरक अनुदानका लागि प्रस्तावित आयोजनाहरु

| प्राथमिकताक्रम | आयोजनाको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | धन गौ ज्योति मा.वि. घेराबार तथा व्यवस्थापन | १,१९,००,०००/- | डिपिआर तथा वातावरणीय अध्ययन आवश्यक नपर्ने |
| २ | बोङ्गादोभान-बोङ्गानी-ढोरपाटन सडक | १,१९,००,०००/- | डिपिआर तथा वातावरणीय अध्ययन प्रक्रियामा रहेको |
| ३ | बागवान घाट कल्भर्ट निर्माण | १,१९,००,०००/- | आवश्यकता अनुसार डिपिआर तथा वातावरणीय अध्ययन गरिने |

(ख) विशेष अनुदानका लागि प्रस्तावित आयोजना तथा कार्यक्रमहरु

| प्राथमिकताक्रम | योजनाको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | दलित समुदायको उद्यमशीलता विकास तथा सामाजिक संरक्षण कार्यक्रम | ४०,००,०००/- | डिपिआर तथा वातावरणीय अध्ययन आवश्यक नपर्ने |
| २ | परामर्श केन्द्र, पहिरा पूर्वाधार व्यवस्थापन | ४०,००,०००/- | डिपिआर तथा वातावरणीय अध्ययन आवश्यक नपर्ने |

Scanned with CamScanner

निर्णय नं. ४:

तमानखोला गाउँपालिकामा रहेका अनुसूची १ बमोजिमका नयाँ तथा पुराना गरी जम्मा २५ जना दिर्घरोगका बिरामीहरुको आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक अवधिको औषधी उपचार खर्च वापतको रकम रु. ३,७५,०००/- (अक्षरेपी तीन लाख पचहत्तर रुपैयाँ मात्र) भुक्तानी गर्ने । नेपाल सरकारबाट सशर्त अनुदानका रुपमा मृगौला प्रत्यायोजन गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार खर्च वापत मासिक ५ हजारका दरले उपलब्ध गराउने रकम क्रियाकलापमा उक्त दायित्वको रकम प्राप्त हुने गरेकोमा तेस्रो त्रैमासिक अवधिको रकम भुक्तानी गर्न सम्बन्धित क्रियाकलापमा रकम अपर्याप्त भई रु. ५५,०००/- ले अपुग हुने देखिएकोले उक्त अपुग रकम हाललाई तमानखोला गाउँपालिका प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गरी सोधभर्ना माग गर्ने । सोधभर्ना माग गरि उक्त अपुग रकम प्राप्त भएपछि तमानखोला गाउँपालिका प्रकोप व्यवस्थापन कोषमा नै फिर्ता गरी हिसाब मिलान गर्ने ।

निर्णय नं. ५:

तमानखोला गाउँपालिकाले स्थानीय शासन कार्य सम्पादन मूल्यांकन प्रणाली (LGPAS) मा आ.व. २०८१/०८२ को स्वःमूल्याङ्कन गर्दा ६४.३ अंक सहितको नतिजा प्राप्त गरेकोमा सो सम्बन्धमा बैठकमा छलफल भयो । जिल्ला समन्वय समितिबाट प्राप्त पृष्ठपोषणलाई समेत उचित सम्बोधन गरी उक्त नतिजालाई मन्त्रालयमा पेश गर्ने ।

निर्णय नं. ६:

गण्डकी प्रदेश लोक सेवा आयोगको विज्ञापन नं. ७००५/२०८२-०८३ (खुला) च.नं. ३३३ मिति २०८२/१२/२० गतेको सिफारिस पत्रानुसार यस कार्यालयमा रिक्त रहेको स्थानीय कृषि सेवा, सातौं तह, कृषि अधिकृत पदमा देहायको उम्मेदवारलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम २८ बमोजिम मिति २०८२/१२/२६ गतेदेखि ज्येष्ठता कायम हुने र ६ महिना परीक्षण काल रहने गरी स्थायी नियुक्ति गर्ने ।

देहायः

| क्र.सं. | उम्मेदवारको नाम, थर | ठेगाना | सेवा/समूह | तह | पद | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | माधवी शर्मा | गैंडाकोट नगरपालिका -५, नवलपरासी (वर्दघाट सुस्ता पूर्व) | स्थानीय कृषि | सातौं | कृषि अधिकृत | |

Scanned with CamScanner

निर्णय नं. ७:

तमानखोला गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि रु १ लाख २५ हजार विनियोजन भएकोमा उक्त कार्यक्रमबाट तमानखोला गाउँपालिकाका पर्यटकीय क्षेत्रहरुलाई समेटेर भिडियो डकुमेन्ट्रि निर्माणका लागि परामर्श सेवा खरिद गर्ने ।

निर्णय नं. ८:

(क) नयाँ वर्ष २०८३ को अवसरमा तमानखोला गाउँपालिका वडा नं. २ स्थित बराहताल युवा क्लबले बराहताल क्षेत्रमा आयोजना गर्ने विविध खेलकुद तथा सांस्कृतिक कार्यक्रमका लागि खेलकुद विकास कोषबाट खर्च गर्ने गरी कार्यक्रम सम्पन्न प्रतिवेदनका आधारमा रु. २ लाख नगद आर्थिक सहायता उपलब्ध गराउने ।

Scanned with CamScanner